
# रुपनी गाउँपालिका

## दशौं गाउँसभा

## बार्षिक नीति, कार्यक्रम तथा बजेट

## आ.व. ०७९।०८०




## रुपनी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रुपनी, सप्तरी

मधेश प्रदेश (नेपाल)

# बार्षिक निति तथा कार्यक्रम २०७९/०८०

## माननीय गाउँसभाका सदस्यज्युहरु,

यस सम्मानित गाउँसभामा उपस्थित सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरु,प्रमुख प्रशासकीय अधिकृत लगायत सबै राष्ट्रसेवक कर्मचारीज्यूहरु, पत्रकार तथा यस सभामा उपस्थित सम्पूर्ण सहभागीज्यूहरु , रुपनी गाउँपालिकाको १० औं अधिवेशनमा आ.व. ०७९/०८० को निति , योजना तथा कार्यक्रम प्रस्तुत समारोहमा गाउँपालिकाको आमन्त्रणलाई स्वीकार गरी उपस्थित हुनु भएका मेरो व्यक्तिगत तर्फबाट र गाउँपालिकाको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्न चाहन्छु ।

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना पश्चात स्थानीय तहहरु गठन भई पहिलो पाँच वर्षे कार्यकाल पुरा गरी रुपनी गाउँपालिका आर्थिक, सामाजिक प्रगतिको मार्गमा अग्रसर रहेको सन्दर्भमा दोस्रो कार्यकालको यस गरिमामय सभालाई सम्वोधन गर्न पाउँदा म निकै हर्षित भएको छु ।

नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रियहित, स्वाभिमान तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ विभिन्न कालखण्डमा भएका जनआन्दोलन, सशस्त्र जनयुद्ध, मधेश आन्दोलन लगायत विभिन्न आन्दोलनहरुमा आफ्नो प्राण आहुति दिनुहुने सम्पुर्ण ज्ञात, अज्ञात वीरशहीदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै घाईते, वेपता नागरिकहरु प्रति सम्मान प्रकट गर्दछु । त्यसैगरी न्यायपूर्ण समाज निर्माण गर्न र रुपनी गाउँपालिकालाई समृद्धिको मार्गमा डोर्याउन सहयोग गर्नुहुने सम्पुर्ण नागरिकहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

विश्वव्यापी कोभिड महामारीबाट विगत दुई वर्षदेखि रुपनी गाउँपालिका पनि अछुतो रहन सकेन भन्ने कुरा यहाँहरुलाई सर्वविदितै छ । यसकारण रुपनीबासीलाई अझै पनि सतर्क भई अगाडी बढन, विशेष सावधानी अपनाउन तथा अनिवार्य रुपमा खोप लिई सुरक्षित रहन रुपनीवासीमा हार्दिक अनुरोध गर्दछु । साथै यस जटिल परिस्थितिमा समेत अग्रपंक्तिमा रहेर संक्रमितको पहिचान र उपचारमा तल्लीन स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारी एवम् नागरिक समाजको उच्च प्रसंशा गर्दछौ । महामारीबाट ज्यान गुमाउनु भएका नागरिकहरु प्रती हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजन प्रती सम्वेदना व्यक्त गर्दछौं ।

रुपनी गाउँपालिकाको आर्थिक वर्ष ०७९/०८० को नीति तथा कार्यक्रम नेपालको संविधानको अनुसुची ८ मा रहेको स्थानीय तहको अधिकार , नेपाल सरकारको नीति तथा कार्यक्रम, नेपाल सरकारको पन्ध्रौं आवधिक योजना, विभिन्न दीर्घकालीन क्षेत्रगत नीतिहरु, मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम, मधेश प्रदेशको प्रथम पञ्चवर्षीय योजना, रुपनी गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, रुपनी गाउँपालिकाको आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमाका लागि प्राप्त गरेका सुझावहरुलाई प्राथमिकतामा राखी रुपनी गाउँपालिकाको समृद्धि हासिल गर्ने दिशामा परिलक्षित गरिएको छ ।

यस नीति तथा कार्यक्रमले मानवीय क्षमता विकास, पूर्वाधार निर्माण, उद्दमशीलता र रोजगारी अभिबृद्धि, गरिबी न्युनीकरण, दीगो विकास, पर्यावरण संरक्षण तथा सुशासनको प्रत्याभूतिलाई प्राथमिकतामा राखेको छ ।

रुपनी गाउँपालिकाको पहिलो पाँचवर्षे कार्यकालको आगामी वर्ष समीक्षा गरिनेछ । विगतका नीति तथा कार्यक्रमहरुको समीक्षा गर्दै आगामी वर्ष भित्र कार्यान्वयन गर्न सकिने र ठोस नतिजा प्राप्त हुने कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

# बार्षिक निति तथा कार्यक्रम २०७९/०८०

रुपनी गाउँपालिका कार्यपालिकाको कार्यालय रुपनी, सप्तरी मधेश प्रदेश, नेपाल

**आर्थिक वर्ष २०७८/८९ को नीतिको समीक्षा**

- रुपनी गाउँपालिका रुपनी बजार स्थित सामुदायिक भवनको निर्माण कार्य गाउँपालिका, प्रदेश र संघीय सरकारको सहयोगमा अन्तिम चरणमा रहेको छ ।
- रुपनी बजारक्षेत्रको सडक तथा ढल निकास निर्माणको क्रममा रहेको छ ।
- ३ नं. वडा कार्यालयको भवनको निर्माण कार्य सम्पन्न भएको र बाँकी २,४ र ५ नं. वडा कार्यालयहरु निर्माणको क्रममा रहेको छ ।
- रुपनी गाउँपालिका, प्रदेश र संघीय सरकारको सहयोगमा सबै वडाहरुमा सामुदायिक भवनको निर्माण कार्य अन्तिम चरणमा रहेको र वडा नं. ३ कटैयास्थित बर्थिङ सेन्टर भवनको निर्माण कार्य सम्पन्न भएको छ ।
- सामुदायिक विद्यालयहरु श्री क.न.मा.वि. रायपुर र श्री ज.मा.वि. बसविट्टीमा ४(चार) कोठे भवनको निर्माण भएको तथा आ.वि. छपकी भथौलमा ४(चार) कोठे भवन र आ.वि. पौवामा २(दुई) कोठे भवन निर्माणको क्रममा रहेको छ । त्यसैगरी युवावर्ष आ.वि.जगमोहनमा रेट्रोफिटिङ तथा रंगरोगनको कार्य सम्पन्न भएको छ ।
- सूचना प्रविधि क्षेत्रमा यस रुपनी गाउँपालिका अन्तर्गतको गाउँकार्यपालिकाको कार्यालय,वडा कार्यालय,स्वास्थ्य चौकी,विभिन्न विद्यालयहरुमा सि.सि.टिभि तथा इ-हाजिरी जडान भएको छ।
- मालपोत नगदी रसिद,सामाजिक सुरक्षा भत्ता,व्यक्तिगत घटना दर्ता तथा अन्य करहरु संकलन कार्य अनलाईन माध्यमबाट संकलन हुने गरेको छ ।

**आदरणीय गाउँसभाका सदस्यज्युहरु,**

अब म आर्थिक वर्ष ०७९/०८० का लागि रुपनी गाउँपालिकाको समृद्धिको मार्ग चित्र समेटी तयार गरिएको क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१.१.३ प्रमुख खोला नाला र विशेष क्षेत्र**

यस गाउँपालिकाको करिब मध्य भागबाट बहने खाँडो खोला र दुधेला खोलाले वर्षातको समयमा दुःख दिने भए पनि यी नदिहरु भविष्यका आर्थिक संवृद्धिका आधारहरु हुन् । रुपनी गाउँपालिका वडा नं. ६ तेरहौतामा पर्ने शनिदेव मन्दिर, वडा नं. ३ कटैयाको दिनभद्री मन्दिर तथा रुपनी १ को रुपनीदेवी मन्दिर यस गाउँपालिकाको धार्मीक,सांस्कृतिक दृष्टिकोणले विशेष क्षेत्रको रुपमा रहेको छ ।

**१.१.४ धर्म,संस्कृति र जातजाती**

यस गाउँपालिका क्षेत्रमा हिन्दु र ईस्लाम धर्मालम्वीहरुको बसोवास रहेको छ । यस क्षेत्रमा छठ, दशैं,तिहार, माघी, होली, सिरुवा, सरस्वती पूजा लगायतका पर्वहरु मनाउने गर्दछन् । यस क्षेत्रमा वाम्हण, क्षेत्रिय, यादव, शाह, थारु, चमार, डोम, खत्वे, ठाकुर, मुस्लिम, राजधोव लगायतका जातजातिहरुको मिश्रित बसोबास रहेको छ ।

**१.२ विद्यमान अवस्थाको समिक्षा**

**१.२.१ सबलपक्ष**

रुपनी गाउँपालिका नेपालकै एक आर्थिक संमृद्धिको सम्भावना बोकेको क्षेत्र हो । यस क्षेत्रमा मौसमी खेतीको रुपमा धान, गहुँ, तोरी, दलहन, तरकारी, आँप नगदे बालीको पर्याप्त मात्रामा उत्पादन गरी निर्वाहमुखीबाट व्यवसायिक कृषि तर्फ उन्मुख हुने अवस्था रहेको छ । यस क्षेत्रमा मधेशी, थारु र दलित जातिको मिश्रित बसोबास रहेका यस क्षेत्र बहुभाषिक, बहुसाँस्कृतिक, बहुजातीय बिशेषताले भरिएको छ । धार्मिक सहिष्णुता र सामाजिक सद्भाव यस क्षेत्रको अभिन्न चिनारी हो ।

**१.२.२ सुधार गर्नु पर्ने पक्ष**

विकासका पूर्वाधारहरुको यथेष्ट मात्रामा विकास र विस्तार गर्न सकिएको छैन । शैक्षिक अवस्थामा राष्ट्रिय स्तरभन्दा न्यून रहेको छ । विद्यालय छाड्ने, अनुपस्थित हुने र कक्षा दोहोयाउने विद्यार्थीको संख्या बढ्दो क्रममा रहेको छ । स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थाहरुको गुणस्तर वृद्धि गर्न नसकिएका कारण प्रभावकारी स्वास्थ्य सेवाको प्रत्याभूत गर्न सकिएको छैन । व्यवसायिक कृषि तर्फ रुपनीबासीलाई उन्मुख गराउन सकिएको छैन ।मलखाद र सिंचाईको उचित प्रबन्ध नहुदाँ कृषियोग्य भूमिमा उत्पादन न्यूनस्तरमा रहेको छ ।

**१.२.३ अवसर**

रुपनी भूमिलाई सिंचित गर्न सकेको अवस्थामा यस ठाउँको आर्थिक विकासको आधारका रुपमा कृषि क्षेत्रको योगदान महत्वपूर्ण हुन्छ । भौगोलिक रुपमा सुगम रहेकोले विकासका पूर्वाधारहरुको निर्माणमा सहजता देखिन्छ ।

**१.२.४ चूनौति**

रुपनी गाउँपालिकाले दुई दशक लामो जनप्रतिनिधि विहीन अवस्था पार गर्दै स्थानीय सरकार गठन गरेको अवस्था छ । यससँगै अनगिन्ती परिवर्तनका संवाहकहरुको उदय हुनु स्वाभाविक देखिन्छ । तथापि स्थानिय तहको पहिलो निर्वाचितबाट निर्वाचित जनप्रतिनिधिहरुबाट जनप्रतिनिधि विहिन राज्य संयन्त्रले सिर्जना गरेका सर्वसाधारण र जनतावीचको दुरी कम गर्नमा अबको उर्जाशील समयवधि खर्च गर्नभएको अवस्था रहेको छ । यसै बीच राज्यको शासन व्यवस्थामा संघीयताको सफल कार्यन्वयन गर्न स्थानीय सरकारको काँधमा आईसकेकाले स्थानीय तहको सफल कार्यान्वयन गर्ने युगान्तकारी जिम्मेवारीलाई सफलतापूर्वक अवतरण गर्ने दायित्व थपिएको छ । विविध कारणबाट राज्यको मुलप्रवाहीकरणबाट वञ्चित भएका समूहलाई गतिशील शासन पद्दतिमा समाहित गर्दै लैजानुपर्ने जिम्मेवारीहरु युगले प्रदान गरेको छ । गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य, यातायातको पहुँच, दीगो आवास, खाद्य सुरक्षा, गुणस्तरीय जीवनको प्रत्याभूत गर्न कटिबद्ध भई लाग्नुपर्ने भएको छ । नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु पुरा गर्न दिगो विकासका लक्ष्यहरुको प्राप्ति, मानव विकाससूचकांकमा उल्लेख्य सुधार गर्नुपर्ने अवस्था रहेको छ । सुशासनको प्रत्याभूत गराई जनस्तरमा राज्यको उपस्थितिको वोध गराउँदै राज्य र राष्ट्र निर्माणलाई सुदृढ बनाउँदै लैजानुपर्ने अवस्था विद्यमान रहेको छ ।

**१.३ वार्षिक नीति,बजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्बन गरिएको पद्धति**

- स्थानीय सरकार संचालन ऐन २०७४ ।
- पन्ध्रौ योजनको आधार पत्र ।
- नेपाल सरकार तथा मधेश प्रदेश सरकारको आ.व. ०७९।०८० को नीति तथा कार्यक्रम वजेट ।
- नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन ।
- जलवायु परिवर्तन विपद् व्यवस्थापन तथा वातावरण संरक्षण ।
- समुदायको अधिकतम सहभागिता परिचालन हुने पूर्वाधार विकास कार्यक्रमहरू ।
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने क्षेत्रहरू ।
- गाउँपालिकाले गत र विगतको गाउँसभाबाट पारित गरेका वार्षिक निति कार्यक्रम र वजेट ।
- गाउँपालिका प्रोफायल तथा गाउँपालिकाको माग र आवश्यक्ता ।
- आन्तरिक श्रोत ।

**१.४ आयोजना प्राथमिकिकरणका आधारहरु**

आर्थिक वर्ष २०७९।०८० को लागि विभिन्न आयोजनाहरु प्राथमिकीकरण गर्दा देहायका बिषयहरुलाई आधारको रुपमा प्रयोग गरिएको छ ।

- क्रमागत एवं अधुरा रहेका आयोजनाहरु तथा थोरै रकममा सम्भार गरी पुन सञ्चालनमा ल्याउन सकिने आयोजनाहरु ।
- सर्वसाधारण नागरिकलाई तत्काल प्रत्यक्ष राहत तथा फाईदा हुने तथा स्वरोजगार प्रवर्द्धन हुने आय आर्जन वृद्धि हुने प्रकारका योजना तथा कार्यक्रमहरु ।
- कृषि उत्पादनमा वृद्धि हुने तथा सहयोग पुग्याउने योजना तथा कार्यक्रमहरु ।
- वतावरण संरक्षण तथा सम्वर्द्धन र जलवायु परिवर्तन अनुकूलतामा सहयोग पुरयाउने प्रकारका योजनाहरु ।
- स्थानीय स्रोत साधन, सीप क्षमताको अधिकतम परिचालन तथा सञ्चालन भई क्षमता विकास हुने किसिमका योजना तथा कार्यक्रमहरु ।
- पिछडिएका समुदाय जस्तै दलित, जनजाति, महिला तथा बालबालिका तथा अति विपन्न वर्गको आय आर्जन तथा सीप विकासमा टेवा पुग्ने मुख्य कार्यक्रम तथा आयोजनाहरु ।
- प्रतिस्पर्धात्मक तथा तुलनात्मक लाभका वस्तु तथा सेवाको उत्पादन तथा प्रवर्द्धन हुने कृषि, गैर कृषि र सेवा क्षेत्रका कार्यक्रमका आयोजनाहरु ।
- गाउँपालिकाको आन्तरिक आय श्रोत वृद्धि गर्ने कार्यक्रमहरु ।
- सामाजिक परिचालनका माध्यमबाट पहिचान गरिएका लक्षित समूहका मागलाई सम्बोधन गरिने विषयहरु ।
- बढी भन्दा बढी जनसहभागिता जुटाउन सकिने तथा बढी श्रममूलक कार्यक्रम र आयोजनाहरु,ज्येष्ठ नागरिक तथा अपाङ्गमैत्री कार्यक्रमलाई प्राथमिकता दिईएका कार्यक्रम तथा आयोजनाहरु ।
- लागत साझेदारीमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरु ।

**१. आर्थिक विकास**

**१.१ कृषि तथा पशुपंक्षी विकास सम्बन्धी नीति**

- समयमा पर्याप्त परिमाणमा गुणस्तरीय मलखाद तथा बीउ/बेर्ना उपलब्धताका लागि समुह र सहकारी मार्फत अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ ।
- मागको आधारमा कृषि उपज संकलन केन्द्र तथा स– साना हाट बजारको स्तरोन्नती गरिनेछ ।
- अत्यधिक रुपमा प्रयोग हुदै आएको रसायनिक विषादीलाई निरुत्साहित गरी जैविक विषादीको प्रयोगमा जोड दिदै अर्गानिक खेती (Organic Farming) लाई जोड दिइनेछ ।
- उद्दमशीलता विकास र स्वरोजगार प्रवद्र्धन द्धारा कृषिमा युवाहरुको आकर्षण बढाउने नीति लिईनेछ ।
- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धिका लागि आधुनिकीकरण, यान्त्रिकीकरण तथा व्यवसायीकरण कार्यलाई निरन्तरता दिईनेछ ।
- पशुजन्य रोगहरुको मेडिकल उपचार, माईनर सर्जिकल उपचार तथा विभिन्न किसिमका रोगहरुको उपचार गर्नका लागि औषधी खरिद गरिनेछ ।
- पशु आहारको लांगि सिजन अनुसारको घाँस बीउँ (हिउँदे घाँस, वर्षे घाँस, बहुवर्षे घाँस तथा विरुवा) वितरण कार्यलाई निरन्तरता दिईनेछ ।
- गाई, भैंसीमा नश्ल सुधार गर्न कृत्रिम गर्भधारण (ए.आई.) कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

- बाख्राहरुमा नश्ल सुधार गर्न उन्नत जातका बीउ बोका समुहमा वितरण गरिनेछ ।
- माछापालन गर्ने कृषकहरुलाई अनुदानको व्यवस्था गरिनेछ ।
- खाद्य तथा तरकारी उत्पादन बृद्धि गर्न खेतीयोग्य क्षेत्रमा सिंचाई सुविधा विस्तार गर्दै जाने नीति लिईनेछ । सम्भाव्यता हेरी बोरिङ/डिप बोरिङ सिंचाई प्रणालीको विकासलाई जोड दिईनेछ ।
- विभिन्न महामारीबाट रोजगार गुमाएका स्वदेशमा रहेका तथा विदेशबाट फर्किएका नागरिकहरुलाई व्यवसायिक बाली सघनता अपनाएर आवश्यक तालिम,मल तथा बिउ बिजन उपलब्ध गराई कृषि पेशामा रोजगारीको सिर्जना गरिनेछ ।
- भुमीको वर्गीकरण गरी कृषी भुमीलाई खण्डीकरण हुन बाट जोगाइनेछ ।
- पशु स्वास्थ्यलाई मध्यनजर गर्दै निःशुल्क पशु स्वास्थ्य शिविर,बाझोपन निवारण शिविर संचालन गरिनेछ ।
- कृषकहरुको वर्गीकरण गरी कृषकहरुलाई बर्गीकरणका आधारमा परिचयपत्र वितरण गरिनेछ ।

## १.२ उद्दम विकास सम्बन्धी नीति

- व्यवसाय सिर्जना, उद्दमशीलता विकास, प्रविधि हस्तान्तरण तथा बजारीकरणका लागि गरिबीको रेखामुनी रहेको नागरिकहरुको लागि लक्षित आवश्यक क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।
- स्थानीय श्रम, सीप र प्रविधिमा आधारित उधोग व्यवसायको स्थापना एवं संचालनलाई प्राथमिकता र पश्रय दिईनेछ ।
- स्थानीय स्तरमा उधोग व्यवसायको प्रवद्धधनका लागि व्यवसाय बजार सूचना, पूर्वाधार र संजाल विकास गरिनेछ ।
- हाट बजारहरुको संख्या तथा स्तरमा बृद्धि एवं व्यवस्थापन गरिनेछ ।
- सिपमूलक तालिमलाई प्रोत्साहन गरी घरेलु उद्योग संचालन गरिनेछ ।
- आ.व. ०७९/०८० साउन १ गते देखी ६ महिना भित्र गाउँपालिकामा व्यवसाय दर्ता गर्न आउनेको लागि निःशुल्क व्यवसाय दर्ताको व्यवस्था गरिनेछ ।

## १.३ पर्यटन सम्बन्धी नीति

- गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकीय स्थलहरु (शनिदेव मन्दिर, रुपनी देवी मन्दिर, कोइली दह, दीनाभद्री मन्दिर) को धार्मिक तथा सांस्कृतिक पक्षलाई उजागर गर्दै पर्यटकीय क्षेत्रको रुपमा विकास गर्दै लगिनेछ ।
- स्थानीय धार्मिक पर्यटकीय स्थलहरुको संरक्षण, सेवा सुविधाको विकास र विस्तार गरी पर्यटन प्रवद्र्धन गरिनेछ ।
- संघ तथा प्रदेश सरकारले कर्मचारीका लागि पर्यटन काजको प्रबन्ध गरे अनुरुप कोभिड ज्ञढ का कारण शिथिल भएको पर्यटन क्षेत्रको पुनःउत्थान गर्न गाउँपालिकामा कार्यरत कर्मचारीलाई एक महिनाको तलब सहित १० दिनको लागि पर्यटन काज उपलब्ध गराइनेछ ।
- स्थानीय भाषा,साहित्य कला र संस्कृतीको अभिलेखीकरण गरी प्रचार प्रसार र प्रवर्द्धन गर्न साहित्यिक सम्मेलन,गोष्ठी,सडक नाटक जस्ता कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

## १.४ सहकारी सम्बन्धी नीति

- बचत प्रोत्साहन, उत्पादनमुलक क्षेत्रमा लगानी बृद्धिका लागि छलफल तथा जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- वित्तिय साक्षरता कार्यक्रम जनस्तर सम्म संचालन गरिनेछ ।
- सहकारीहरुको संस्थागत क्षमता सुदृढीकरणको माध्यमबाट सुशासन प्रवद्दधन अभिवृद्धि गरिनेछ ।
- सहकारीहरुबाट प्रदान गरिने सेवामा सबैको सुलभ पहुँचका निमित्त सहजीकरण गरिनेछ ।
- यस गाउँपालिका भित्रका सहकारीहरुको अवस्था एकिन गर्न सर्वेक्षण गरिनेछ ।

**१.५ रोजगारी सम्बन्धी नीति**

- गरिबी न्यूनीकरण तथा रोजगारीको अवस्था वृद्धि गर्न आवश्यक रणनिति बनाइनेछ ।
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई सशक्त ढंगबाट संचालन गरी पालिकाबाट संचालन गरिने विकास निर्माणका कार्यहरु श्रममुलक, जनसहभागितामुलक, बेरोजगार रहेका, कोभिड– १९ का कारण रोजगारी गुमाएका र बैदेशिक रोजगारीबाट फर्किएकाहरुको परिचालन गरी रोजगारीको अवसर सिर्जना गरिनेछ ।
- गाउँपालिकामा संचालित संघ, प्रदेश र स्थानीय तहका योजनामा आवश्यक श्रमिक उपलब्ध भएसम्म रोजगार सेवा केन्द्रमा सुचीकृत बेरोजगार व्यक्तिहरुबाट नै काममा लगाउने व्यवस्था गरिनेछ ।
- बेरोजगार र रोजगारका सम्भावनाको वास्तविकता पत्ता लगाउन रोजगार नक्साङ्कन कार्य अघि बढाईनेछ ।
- संघ तथा प्रदेश सरकारले ल्याएका रोजगारमुलक कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।
- स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय, निजी, सहकारी तथा गैह्रसरकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिईनेछ ।
- रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापन थप प्रभावकारी बनाउनका लागि उचित बजेटको व्यवस्था गरिनेछ ।
- तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरु पहिचान गर्न आवश्यक पहल गरिनेछ ।

**२. सामाजिक विकास क्षेत्र**

**२.१ शिक्षा सम्बन्धी नीति**

- विद्यालयहरु मार्फत आ– आफ्नो सेवा क्षेत्रभित्रका विद्यालय बाहिर रहेका विद्यालय उमेर समुहका बालबालिकाहरुको तथ्यांक संकलन गराई सरोकारवालाहरुको सहभागितामा सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराईनेछ ।
- सामुदायिक विद्यालयहरु प्रति अभिभावकको विश्वास बढाउन र समुदाय– विद्यालयबीच सम्बन्ध सुधार गर्न अभिभावक शिक्षा तथा शैक्षिक अन्तरक्रिया संचालन गरिनेछ ।
- विद्यालयको भौतिक पक्ष सुदृढ बनाउन भौतिक पूर्वाधार न्युन भएका विद्यालयहरुमा भौतिक सुविधा विस्तार गरिनेछ ।
- विद्यालयमा सुविधा सम्पन्न पुस्तकालय र प्रयोगशाला स्थापना गरी पठन संस्कृतिको विकास गरिनेछ
- गाउँपालिकाभित्र रहेका १५ देखि ६० वर्षसम्मका व्यक्तिहरुको नामनामेशी संकलन गरी सबै वडामा साक्षरता कार्यक्रम संचालन गरिनेछ ।

- गाउँपालिकामा उच्च शिक्षा संचालनका लागि शैक्षिक संस्था स्थापना, प्राविधिक धारको विद्यालय संचालन र नमुना विद्यालय विकासका लागि संघ र प्रदेश सरकारलाई अनुरोध गरिनेछ।
- विधार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी कम भएका विद्यालयहरुलाई शिक्षक व्यवस्थापन गर्न एकमुष्ट अनुदान रकम उपलब्ध गराईनेछ ।
- विद्यालय सुधार योजनालाई विद्यालयको सेवा प्रवाहसँग जोडदै सामाजिक परीक्षण र आर्थिक लेखा परीक्षणलाई प्रभावकारी बनाईनेछ ।
- शिक्षण सिकाईमा सुधार ल्याउन शिक्षकहरुलाई मागमा आधारित तालिम संचालन गरिनेछ ।
- अनुगमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउदै गुणस्तरीय शिक्षालाई सुनिश्चित गरिनेछ ।
- विद्यालयहरुमा शिक्षक कर्मचारीहरुबाट समयको परिपालना, नियमितता, विद्यालयमा शिक्षक, कर्मचारीहरुको उपस्थिती प्रभावकारी बनाउने प्रयोजनका लागि विद्युतीय ई– हाजिरको निरन्तरता दिईनेछ ।
- सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (एस.ई.ई.) मा उत्कृष्ट विधार्थीहरुलाई पुरष्कृत र सम्मान गरिनेछ । साथै त्यस्ता विधार्थीहरुलाई उच्च शिक्षा अध्ययनका लागि प्रोत्साहन गरिनेछ ।
- विद्यालयको संचालन, रेखदेख र व्यवस्थापनमा उत्कृष्ट गर्ने व्यवस्थापन समितिलाई, पेशा प्रति निष्ठावान भई पदीय दायित्व निर्वाह गर्ने शिक्षकहरु मध्येबाट सूचकगत आधारमा उत्कृष्ट छानिएका शिक्षकहरुलाई एवं समाज सेवामा उत्कृष्ट कार्य गर्ने व्यक्तिलाई सम्मान तथा कक्षा– ८ मा सर्वोत्कृष्ट नतिजा प्राप्त गर्ने छात्र १ जना, छात्रा १ जना पुरष्कार तथा सम्मान गर्ने नीतिलाई अंगीकार गरिनेछ
- आवश्यक नीति, नियम तथा निर्देशिका बनाई संस्थागत विद्यालयहरुलाई व्यवस्थित गरिनेछ साथै विना अनुमति संचालनमा रहेका संस्थागत विद्यालयहरुलाई आवश्यक कारवाहीको प्रक्रिया अगाडि बढाईनेछ
- विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरु ल्याईनेछ ।
- विधार्थीहरुको सर्वाङ्गीण पक्षको विकासका लागि गाउँपालिका भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको सहभागितामा हाजिरी जवाफ, वक्तृत्वकला, नृत्य तथा गायन प्रतियोगिता र खेलकूद लगायतका क्षमता विकास तथा प्रतिभा प्रष्फुटन गराउने कार्यक्रमहरु संचालन गरिनेछ ।
- महिनावारीको कारणले विद्यालयमा अनुपस्थित हुने कार्यलाई निरुत्साहित गर्नका लागि विद्यालयमा अध्ययनरत छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड वितरण कार्यलाई निरन्तरता दिईनेछ ।
- माध्यमिक तह कक्षा (९– १२) मा अध्ययन गर्ने गरिब, दलित, अशक्त विधार्थीहरुलाई एःत् मार्फत छात्रवृत्ति प्राप्त गर्ने विद्यालयहरुलाई अभिप्रेरित गरिनेछ ।
- आगामी आर्थिक वर्षमा पनि सरकारी तथा सामुदायिक विद्यालयहरुमा अभिभावक तथा विधार्थीहरुको आकर्षण बढाउन कक्षा १ देखि १० सम्म अध्ययनरत विधार्थीहरुको परीक्षा शुल्क निःशुल्क गरिनेछ
- यस गाउँपालिकाको प्रत्येक वडाको १/१ वटा आधारभुत विद्यालयमा कक्षा १ देखि ३ सम्म अंग्रेजी माध्यमबाट पठन पाठन सुचारु गर्न आवश्यक भौतिक पूर्वाधार तथा जनशक्तिको व्यवस्था मिलाईनेछ

रुपनी गाउँपालिकाको कार्यालय रुपनी, सप्तरी मधेश प्रदेश नेपाल

## २.२ स्वास्थ्य सम्बन्धी नीति

- आधारभुत स्वास्थ्य सेवामा आवश्यक साधन स्रोत, प्रविधि तथा सामग्री सहित पूर्वाधारको व्यवस्थापन गरिनेछ ।
- स्वास्थ्य संस्थाको प्रभावकारी सेवा प्रवाहका लागि नियमित तथा प्रभावकारी नियमनको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य बीमाको लागि स्वास्थ्य संस्था, सामुदायिक संस्था, विद्यालय, आमा समुहहरुको समन्वयमा स्वास्थ्य बीमा अभियानलाई प्रभावकारी बनाईनेछ ।
- स्वास्थ्य सेवामा सुधार ल्याउन स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदार संस्थाहरुसँग समन्वय गरिनेछ ।
- गाउँपालिकालाई शुन्य होम डेलिभरी (Zero Home Delivery) को रुपमा घोषणा गराउनका लागी स्वास्थ्य चौकीहरुका वर्थिङ्ग सेन्टर निर्माण गरी विस्तार गरिनेछ ।
- आङ खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर तथा प्रोष्टेट लगायतका लागि स्वास्थ्य शिविर संचालन गर्दा स्थापित स्वास्थ्य सेवा प्रदायक संस्थाहरुसँगको समन्वय र सहकार्यमा गरिनेछ
- मौलिक हकको रुपमा रहेको गुणस्तरीय स्वास्थ्य सेवा सबै नागरिकहरुको पहुँचमा पुग्ने गरी प्रभावकारी रुपमा उपलब्ध गराउने एवं आधारभुत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराईनेछ ।
- गुणस्तरीय औषधी र स्वास्थ्य सामग्रीको सहज तथा प्रभावकारी आपुर्ति एवं उपयोगलाई सुनिश्चित गरिनेछ ।
- गुणस्तरीय एवं स्वास्थ्यबर्धक खाद्य पदार्थको प्रवद्दन, प्रयोग मार्फत कुपोषणलाई न्युनीकरण गरिनेछ
- विपन्न, सीमान्तकृत जातजाति, आदिवासी तथा दीर्घरोगीहरुलाई स्वास्थ्य उपचार सहायता दिईनेछ ।
- बैकल्पिक स्वास्थ्य सेवा पद्धति जस्तै आयुर्वेद आदि लाई संरक्षण तथा सम्बद्दन गरिनेछ ।
- गाउँपालिकाबाट उपलब्ध गराइने एम्बुलेन्स सेवामा ५० प्रतिशत शूल्क छुटको व्यवस्था सहितको एम्बुलेन्स सेवा संचालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका नागरिकहरुको आकस्मिक स्वास्थ्य समस्यासँग जधनको लागि आवश्यक प्रबन्ध मिलाईनेछ ।
- शिशु तथा मातृ मृत्युदरलाई न्युनीकरण गर्न संचालनमा रहेका दुई वटा बर्थिङ सेन्टरहरुको स्तरोन्नति गर्ने, वडा नं. ३ कटैयामा आवश्यक जनशक्ति तथा पूर्वाधारको व्यवस्थापन गरी आगामी वर्षदेखि बर्थिङ सेन्टर संचालनमा ल्याउने र बाँकी तीन वडाहरुमा प्रसुति केन्द्र(बर्थिङ सेन्टर) निर्माणमा. उच्च प्राथमिकता दिईनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई पूर्ण सरसफाई तथा पूर्ण खोप अभियान लगायतका अन्य सामाजिक गतिविधिमा समेत परिचालन गरिनेछ । महिला स्वास्थ्य स्वयंसेविकाको प्रोत्साहनको उचित व्यवस्था मिलाईनेछ ।
- लागुपदार्थ दुर्व्यसन नियन्त्रणका लागि स्थानीय संघसंस्थाहरुसँगको सहकार्यलाई निरन्तरता दिईनेछ
- मानसिक स्वास्थ्य समस्या भएका तथा मनोसामाजिक अपांगता भएका व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकार एवं गुणस्तरीय जीवनको संरक्षण गर्न जनचेतना कार्यक्रम तथा मनोपरामर्श सेवा उपलब्ध गराईनेछ ।

- नेपाल सरकारको निती तथा कार्यक्रम अनुसार यस गाउँपालिका भित्रको जेष्ठ नागरिक,अशक्त,असहायहरु लाई घरदैलो उपचार कार्यक्रम सञ्चालनको व्यवस्था गरिनेछ ।

## २.३ खानेपानी तथा सरसफाई सम्बन्धी नीति

- गाउँपालिकाको सबै वडाहरुमा स्वच्छ तथा सुरक्षित खानेपानीको उपलब्धतामा जोड दिइनेछ ।
- खानेपानी, सरसफाई, तथा स्वच्छताका क्षेत्रमा स्थानीय नीति, कानुन तर्जुमा, तथ्यांक अध्यावधिक तथा व्यवस्थापन, रणनीतिक योजना निर्माण गरी पूर्ण सरसफाई अभियानलाई निरन्तरता दिईनेछ ।
- सुरक्षित खानेपानीमा सबैको पहुँच पुर्याउन पानी परीक्षण कार्यलाई प्रभावकारी बनाइनेछ ।
- विभिन्न संघ संस्थाहरुको साझेदारीमा विद्यालय खानेपानी तथा स्वच्छता कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- रुपनी बजार, बिरेन्द्र बजार,कटैया ,बसबिट्टी लगायतका बजार क्षेत्रहरुमा नियमित सरसफाईको व्यवस्था मिलाईनेछ ।
- फोहोरमैलाको उचित व्यवस्थापन गर्न फोहोरमैला विसर्जन केन्द्रको निर्माण गरिनेछ ।

## २.४ युवा तथा खेलकूद सम्बन्धी नीति

- स्थानीय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरुको पूर्ण उपयोगको वातावरणको सिर्जना गर्ने, युवाको सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनेछ ।
- खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- विभिन्न खेलकूद प्रतियोगिता, खेलकूद सामग्री वितरण लगायत स्थानीय क्लब तथा विद्यालयहरु मार्फत खेलकूद कार्यक्रम संचालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका स्तरीय खेल मैदान निर्माण गर्ने नीति लिईएको छ ।
- अध्यक्ष कप प्रतियोगिता यस गाउँपालिका भित्र सञ्चालन गरिनेछ ।

## २.५ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति

- महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद र बहिस्करणको रोकथाम एवं नियन्त्रणका लागि कार्यक्रमहरु संचालन गरिनेछ ।
- महिलाहरुको सामाजिक, आर्थिक र राजनितिक अधिकारहरुको संरक्षण र सर्वद्धन गरिनेछ ।
- विपन्न, पिछडिएका तथा एकल महिलाको आयआर्जन, क्षमता विकास र सशक्तिकरण गर्ने कार्यक्रमहरुको पहिचान गरी कार्यान्वयनमा ल्याईनेछ ।
- महिलाहरुको सीप विकास तथा क्षमता अभिवृद्धि गरी आर्थिक रुपमा आत्मनिर्भर बनाउने नीति अवलम्बन गरिनेछ ।
- महिलाको सहभागिता सम्बन्धमा विद्यमान प्रावधानहरु तथा योजनाहरुको उपभोक्ता समिति गठन हुदाँ पूर्णतः लागु गर्दै आएकोमा त्यसलाई निरन्तरता दिदै महिला मात्रको सहभागितामा उपभोक्ता समिति गठन गर्ने, महिला सहकारी वा महिला समुह मार्फत  कार्यक्रम संचालन गर्नेतर्फ उत्प्रेरित गरिनेछ ।
- अपांगता भएका व्यक्तिहरुलाई अपांगता सहायक सामग्रीहरु वितरण गर्ने नीति लिईनेछ ।
- ज्येष्ठ नागरिकहरुको सम्मान गर्ने तथा निःशुल्क स्वास्थ्य परीक्षण गरिनेछ ।

- विद्यालय जाने उमेर वितिसकेका किशोरीहरुलाई अनौपचारिक शिक्षा तथा सिपमुलक तालिम मार्फत सशक्तिकरण गरिनेछ ।
- बालबालिका उपर हुने शारीरिक तथा मानसिक हिंसा विरुद्ध अभिभावकको सहभागितामा विद्यालय स्तरीय कार्यक्रम संचालन गरिनेछ ।
- मानव बेचविखन विरुद्धका दिवस, राष्ट्रिय बाल दिवस, महिला दिवस, किशोरी दिवस, ज्येष्ठ नागरिक दिवस र लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान लगायतका दिवसहरु भव्यताका साथ मनाईनेछ
- समताको आधारमा आयमूलक, सिपमूलक, रोजगारमूलक र कार्यमूलक तालिमको व्यवस्था गरी क्षमता विकास गरिनेछ ।
- हिंसा पिडित महिलाहरुलाई मनोसामाजिक परामर्श तथा पुनःस्थापनका लागि आवश्यक प्रवन्ध गरिनेछ
- यस गाउँपालिकाको न्यायिक समितिमा आउने महिला हिंसा सम्बन्धि उजुरीहरु सुनुवाईका लागि महिलामैत्री वातावरण मिलाइनेछ ।

## ३. पूर्वाधार विकास सम्बन्धी नीति

- आयोजनाहरुको वर्गीकरण गरी संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।
- अघिल्लो वर्ष गाउँपालिकाबाट संचालित तथा क्रमागत कार्यलाई निरन्तरता दिईनेछ ।
- सडक तथा सार्वजानिक बाटो, डगर अतिक्रमण गरी बनाईएका संरचनालाई हटाउदै लगिनेछ । गाउँपालिकाको केन्द्र र वडा जोड्ने सडकको चौडाई कम्तीमा ८ मीटर वडास्तरीय सडकहरु न्युनतम ४ मीटरको बनाईने नीतिलाई कडाइका साथ लागु गर्दै लगिनेछ ।
- गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी, बर्थिङ सेन्टर, विद्यालय भवन, सामुदायिक भवन जस्ता अत्यावश्यकीय भवन संरचनाहरुको निर्माण कार्यलाई उच्च प्राथमिकता दिईनेछ ।
- आम उपभोक्ताको लागत सहभागितामा ठोस संरचना निर्माण कार्यमा कम्तीमा १० प्रतिशत र माटो तथा ग्राभेल कार्यमा कम्तीमा १५ प्रतिशत नगद, श्रम र सामग्रीको योगदान जुटाई आयोजना संचालन गरिनेछ ।
- उपभोक्ता समितिलाई आयोजनाको प्राविधिक पक्ष(डिजाइन, ईष्टिमेट, मापदण्ड, मर्मत संभार आदि) र व्यवस्थापकीय पक्ष(उपभोक्ता समिति परिचालन, खरिद प्रक्रिया, जिम्मेवारी बाँडफाँड, रकम निकासा, कार्ययोजना, सार्वजानिक परीक्षण तथा फरफारक आदि) विषयमा तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ ।
- निर्माण भइसकेका पूर्वाधार मर्मत गर्नुपर्ने अवस्थामा गाउँपालिकाले मर्मत संभार कोष स्थापना गरी प्राथमिकताका आधारमा मर्मत गर्नेछ । लक्षित वर्गको कार्यक्रम बाहेक अन्य आयोजनाबाट मर्मत संभार कोषमा १ प्रतिशत रकम कट्टा गर्ने तथा कन्टिन्जेन्सी वापत ३ प्रतिशत रकम कट्टा गरिनेछ ।
- बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मापदण्ड, २०७२ लाई कार्यान्वयनमा निरन्तरता दिईनेछ ।
- पूर्वाधार निर्माण गर्दा महिलामैत्री, बालमैत्री, अपांगमैत्री तथा वातावरणमैत्री नीति लिइनेछ ।
- आगामी आर्थिक वर्षमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन गरी राष्ट्रिय भूमि आयोग सँगको समन्वय र सहकार्यमा समुचित व्यवस्थापन गरिनेछ ।

- शहरको रुपमा विकास भैरहेका रुपनी बजार तथा विरेन्द्र बजारलाई आधुनिक तथा स्मार्ट सिटीको रुपमा विकास गर्न संघ तथा प्रदेश सरकार समक्ष आवश्यक पहल गरिनेछ ।
- यस गाउँपालिकाको व्यवस्थित एवम् दिगो विकासको लागी गाउँ विकास गुरुयोजना तर्जुमा गरी विकास गर्ने निती अवलम्बन गरिनेछ ।
- यस रुपनी गाउँपालिका भित्र उज्यालो रुपनी कार्यक्रम सञ्चालनमा ल्याई मुख्य सडक तथा चोकहरुमा सडक वती जडान गरिनेछ ।
- यस गाउँपालिका भित्रका वस्तीहरुलाई समेटने गरी रिङ्ग रोड को परिकल्पना गरे अनुरुप गाउँपालिका भित्रका आवश्यक पुर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- नदी कटान रोक्न किनारमा वायो इन्जिनियरिङ्ग (Bio-Engineering Technology ) अवलम्बन गरिनेछ

## ४. उर्जासम्बन्धी नीति

- सडकका पोलहरुमा बत्ति जडान तथा सोलार सडक बत्ति जडान कार्यलाई प्राथमिकता दिईनेछ ।
- स्थानीय स्तरमा उपलब्ध हुन सक्ने बैकल्पिक उर्जाका स्रोतहरुको पहिचान गरी बायो ब्रिकेट, होम सोलार सिस्टम, सुधारिएको चुल्हो, सामुदायिक बायोग्यास प्लान्ट जस्ता कार्यक्रमहरु संचालन गर्दै प्राकृतिक स्रोत साधनको प्रयोग र व्यवस्थापन गरिदै लगिनेछ ।
- विधुत प्राधिकरण सँग समन्वय गरी सडक तथा अन्य क्षेत्रमा अव्यवस्थित रुपमा रहेको विधुतीय तार पोलको उचित व्यवस्थापन गरिनेछ ।

## ५. सुचना प्रविधि सम्बन्धी नीति

- विद्युतीय हाजिरी, ग्रुप एसएमएस, इन्ट्रानेट, इन्टरनेट जस्ता सुचना प्रविधि प्रवद्धन गरी सेवा प्रवाह विद्युतीय प्रणालीमा आधारित चुस्त र दुरुस्त बनाईनेछ ।
- सबै वडाका केही स्थानहरुमा फ्री वाईफाईको व्यवस्था लाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका, वडा कार्यालय र विषयगत शाखाबाट सम्पादित कृयाकलापहरु वेबसाईट, मोवाईल एप्स र सामाजिक संजालहरुबाट नियमित रुपमा सार्वजानिक गरिनेछ ।
- सूचना प्रविधि क्षेत्रको विकासका लागि सूचना प्रविधिको क्षेत्रमा संलग्न व्यक्ति, सार्वजानिक क्षेत्रका संस्थाहरु, शिक्षण संस्थाहरुलाई प्रोत्साहित गर्दै लगिनेछ, साथै गैर सरकारी संस्थाहरुको साझेदारी अभिवृद्धि गरिनेछ ।
- सूचना प्रविधिको प्रयोगमा सूचना सुरक्षा एवं तथ्यांक गोपनीयता (Information Security And Data Protection) लाई सुदृढ गरिनेछ ।
- सार्वजानिक सुचनाको प्रवाह, सार्वजानिक सुनुवाई र सार्वजानिक परीक्षण जस्ता कार्यलाई प्रभावकारी रुपमा अघि बढाईनेछ ।
- सूचना प्रविधि क्षेत्रमा सीप तथा क्षमता अभिवृद्धि गर्नका लागि विभिन्न तालिमहरु संचालन गरिनेछ ।
- टोल फ्री नम्बर र अडियो नोटिस बोर्डको संचालन गरिनेछ ।
- प्रत्येक सेवाग्राहीले कर तथा दस्तुर तिरेपछि तत्कालै एस.एम.एस. मार्फत ती लाभग्राहीको मोवाईलमा जानकारी गराईनेछ ।
- योजना तथा दर्ता/चलानी सफ्टवेयर Web Based Online माध्यमबाट संचालनमा ल्याउनेछ ।
- सूचना अभिलेख केन्द्रको स्थापना गरी संचालनमा ल्याउनेछ ।

- यस कार्यालयको सेवा प्रवाहलाई प्रभावकारी बनाउन Token (Queue) Management System जडान गरिनेछ ।

## ६. वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति

- बाढी, आगलागी, भुकम्प, हुरीबतास, असिना, चटयाङ जस्ता प्रकोपबाट हुने क्षति न्युनीकरण गरिनेछ र गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट विपदमा परेका घर परिवारलाई राहत उपलब्ध एवं क्षतिग्रस्त बाटो, पैनी आदि तत्काल मर्मत संभार गरिनेछ । विपद् व्यवस्थापन कोष संचालन कार्यविधिका आधारमा विपद्को पूर्व तयारी, रोकथाम, उद्धार, राहत तथा पुनस्थापनाका कार्यहरु संचालन गरिनेछ ।
- विकासका कार्यहरु संचालन गर्दा वातावरणमैत्री तथा जलवायु परिवर्तनसँग अनुकुलित हुने गरी संचालन गरिनेछ ।
- नदी किनारमा बाँस रोपण गर्ने साथै सडक किनारमा वृक्षारोपण कार्यलाई अघि बढाईनेछ । जलप्रवाहको उच्चं जोखिमयुक्त क्षेत्रमा बाँध तथा तटबन्ध निर्माणको कार्य गर्न संघ तथा प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।
- गाउँपालिकाका पुराना, रुग्ण र जीर्ण पोखरीको मर्मत, संभार तथा संरक्षण गरिनेछ । ऐलानी, पर्ती जग्गा, सार्वजानिक बाटो, डगर, सार्वजानिक गौचरण, नदी कटानबाट उकास भएको जग्गा, सार्वजानिक पोखरीका डिलहरुको सीमांकन गरी रेकर्ड राखे तथा संरक्षण गर्ने कार्य गरिनेछ ।
- गाउँपालिकामा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्बद्धन र वातावरण अनुकुल दीगो रुपमा उपयोग गर्ने तथा स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिदै प्रास प्रतिफलको न्यायोचित वितरण गर्ने व्यवस्था गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा घर निर्माणलाई वृक्षारोपणसँग जोडेर लैजाने नीति लिईनेछ ।
- प्लाष्टिकजन्य सामग्री लगायत वातावरण प्रदूषित गर्ने दैनिक प्रयोगका सामग्रीको प्रयोगलाई निरुत्साहित गरिनेछ ।
- विपन्न घरपरिवारलाई सुधारिएको चुलो कार्यक्रममा सहभागी गराईनेछ ।

## ७. संस्थागत विकास तथा सुशासन सम्बन्धी नीति

- संगठन तथा शाखा अनुसार आवश्यक दरबन्दी परिपुर्तिका लागि पहल गरिनेछ ।
- सेवा प्रवाह नियमित तथा सेवा प्रवाहमा विद्युतीय शासनको प्रयोग गर्ने नीति लिईनेछ ।
- सबै शाखा तथा कर्मचारीहरुको स्पष्ट कार्यविवरण निर्धारण गरि लागु गरिनेछ ।
- उत्कृष्ट कर्मचारी तथा शिक्षकहरुको ज्येष्ठता, ईमान्दारिता, कार्यक्षमता, कार्यकुशलता तथा कार्यसम्पादन स्तरलाई आधार मानी मूल्यांकन गरिनेछ ।
- आफ्नो अधिकार क्षेत्रका बिषयमा बढी भन्दा बढी ऐन, नियम, विनियम, निर्देशिका तथा कार्यविधि तर्जुमा गरी प्रभावकारी रुपमा जानकारी तथा कार्यान्वयन गर्ने नीति लिईनेछ ।
- कार्यविधि बनाई सेवाग्राही सन्तुष्टी मापण गरिनेछ ।
- समयमा पेश्की फछ्र्यौट गर्न/गराउन तथा बेरुजु असुल उपर गर्न/गराउन प्रभावकारी नीति लिईनेछ
- टोल विकास संस्था तथा टोल सुधार समिति गठन तथा परिचालन गरिनेछ ।
- गाउँपालिकाका गतिविधिहरु तथा गाउँपालिकाले सम्पादन गरेका कार्यहरु तथा गाउँसभा, गाउँकार्यपालिका र न्यायिक समितिका बैठकबाट भएका निर्णयहरु सार्वजानिक गरिनेछ ।

- सूचना संस्कृतिको विकासका लागि सूचना माग्ने र सूचना दिने पद्धतिलाई थप सहज र प्रभावकारी बनाईनेछ ।
- म्याद गुज्रेका औषधी, खाद्यपदार्थ एवं पेय पदार्थबाट मानव स्वास्थ्यमा हुने हानीलाई रोक्न नियमित रुपमा बजार अनुगमनको व्यवस्था मिलाईनेछ ।
- योजना कार्यान्वयन तहमा पारदर्शिता कायम गर्न ठेक्का पट्टामा विधुतीय प्रणाली (E-Bidding) प्रयोगमा जोड दिनुका साथै आयोजना सूचना पाटीको प्रभावकारी कार्यान्यवन गरिनेछ ।
- गाउँपालिकाको संस्थागत क्षमता विकास गर्न पदाधिकारी तथा कर्मचारीहरुलाई तालिम,गोष्ठी, अध्ययन अवलोकन भ्रमण तथा नेतृत्व क्षमता विकास तालिम दिने व्यवस्था मिलाइनेछ ।
- न्यायिक समितिको कार्यसम्पादनलाई नागरिकले न्यायको अनुभुति गर्न पाउने गरी थप प्रभावकारी बनाउन इजलास निर्माण गरिनेछ । न्यायिक समितिको पदाधिकारीहरुको क्षमता विकासका लागि आवश्यक तालिमको प्रवन्ध गरिनेछ ।
- गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरी स्वीकृत दरवन्दी कमोजिम पदपुर्तीका लागि प्रदेश लोक सेवा आयोगमा पठाइनेछ ।
- यस गाउँपालिकाबाट हालसम्म भएका मुख्य (मुख्य उलब्धीहरुलाई आम नागरिकहरुमा सञ्चार गराउन पुस्तक तथा डकुमेन्ट्रीको रुपमा प्रकाश गरिनेछ ।
- सुशासन कायम गर्न सार्वजानिक सुनुवाई,सार्वजानिक परिक्षण, सामाजिक परिक्षण तथा नागरिक सन्तुष्टि सर्वेक्षण जस्ता सुशासनका उपकरणहरुको प्रयोगमा जोड दिइनेछ ।
- गाउँपालिकामा आउने सेवाग्राहीहरुलाई सेवा प्रवाहमा सहजीकरण एवम् आवश्यक पर्ने निवेदन फारमहरु निःशुल्क रुपमा उपलब्ध गराउन नागरिक सहायता कक्ष (Help Desk) संचालन गरिनेछ
- यस रुपनी गाउँपालिकाको स्वीकृत दरबन्दी भित्र कार्यरत रहेका करार सेवाका कर्मचारीहरुको मनोवल उच्च राख्नका लागि नेपाल सरकारबाट निर्धारित महगी भत्ता उपलब्ध गरिनेछ ।

## ८. वित्तिय व्यवस्थापन सम्बन्धी नीति

- आन्तरिक आय बैज्ञानिक ढंगले प्रक्षेपण गरी सोही अनुसार करको दर र दायरामा बृद्धि गर्दै लगिनेछ ।
- व्यवसायीहरुको तथ्यांक संकलन गरी व्यवसाय दर्ता प्रक्रिया अगाडि बढाईनेछ ।
- संघीय तथा प्रदेश सरकारको अनुदान र आन्तरिक आयलाई योजनाको कार्यविधि अनुसार प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
- आन्तरिक पर्यटनबाट आय बृद्धि गर्ने स्पष्ट खाका तयार गरिनेछ ।
- विकास साझेदारको सहयोग रकम प्राथमिकताका क्षेत्रमा परिचालन गर्न सहयोग गर्न सहजीकरण गर्ने र उनीहरुको योजना गाउँपालिकाको वार्षिक योजनामा समावेश गरिनेछ ।

## ९. माछा कलस्टर विकास कोष संचालन निति

- गाउँपालिका क्षेत्र भित्र माछा उत्पादन तथा विक्री वितरण कार्यमा संलग्न किसान,व्यापारी तथा सेवा प्रदायकहरुलाई एउटै मञ्चमा ल्याई समग्र क्षेत्रलाई माछा उत्पादन कलस्टरको रुपमा विकास गरिनेछ ।
- माछा तथा भुरा उत्पादनमा संलग्न किसान तथा हप्याचरी संचालकहरुको उत्पादकत्वमा वृद्धि गर्नको लागी नयाँ प्रविधिको विकास ,सुलभ सिचाई सुविधा तथा स्तरीय माछा भुरा उत्पादन तथा विक्री वितरणमा सहजीकरण गरिनेछ ।

- माछा पालन सम्वद्ध सबै सरोकारवालाहरुलाई प्राविधिक सेवमा सुलभ पहुँच वृद्धि गरिनेछ ।
- माछा उत्पादक किसानहरुको वित्तीय साक्षरता तथा व्यावसायिक ज्ञानको अभिवृद्धि गरिनेछ ।
- माछाकर्मीहरुको क्षमता विकास गरि गाउँपालिका क्षेत्रलाई माछा हबको रुपमा विकास गरिनेछ ।
- महिलाहरुको सहभागिता वृद्धि गर्नका लागि लैङ्गिक कार्य शिकाई पद्धती (GALS) संचालन गरिनेछ ।

## १०. सुरक्षित नागरिक आवास नितिः

- आ.व. ०७९/०८० भित्र यस गाउँपालिका भित्रका सम्पूर्ण परालको घरहरुलाई जस्ताको छाना भित्र ल्याउने छ ।

## ११. बहुक्षेत्रीय पोषण कार्यक्रम

- बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिदै कुपोषणलाई न्यूनीकरण तर्फ जोड दिइनेछ ।
- पोषण प्याकेज सम्बन्धी विभिन्न पोषण युक्त खाद्य पदार्थहरु वितरण गरिनेछ ।

अन्त्यमा, यस निति तथा कार्यक्रम तर्जुमाका लागी सहयोग सुझाब र सल्लाह प्रदान गर्नुहुने गाउँसभा सदस्यहरु, बिषयगत समितिका पदाधिकारीहरु, राष्ट्रसेवक कर्मचारीहरु, पत्रकार,संघ संस्थाहरु सबैलाई धन्यवाद दिन चाहन्छु ।निति कार्यान्वयनमा समेत यस्तै सृजनात्मक, सकारात्मक तथा रचनात्मक सहयोगको अपेक्षा गरेको छु । यहाँहरुको सक्रिय सहभागिता र सघन छलफलबाट यो बार्षिक निति तथा कार्यक्रम पारित गर्नु हुनेछ भन्ने अपेक्षा सहित छलफलमा सहभागिताका लागि अनुरोध सहित सम्पूर्ण प्रति हार्दिक आभार प्रकट गर्दै विदा हुन चाहन्छु ।

**धन्यवाद**

दिनेश कुमार यादव
अध्यक्ष
२०७९ असार ९ विहीबार

रुपनी गाउँपालिका